# आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

## जोरायल गाउँपालिका

**जोरायल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रावतकट्टे, डोटी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## सभाका सदस्य ज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन, लोकतन्त्रको सवलीकरण र सिंहदरबारको अधिकार गाउँमा भन्ने महान अभियानको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु ।

स्थानीय सरकार जनताको प्रत्यक्ष सरोकार राख्ने र जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहेको हुँदा जोरायल गाउँपालिकाले संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गर्दै नागरिकलाई केन्द्रमा राखी विभिन्न कार्य गरिरहेको छ । सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं ।

यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दीगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्ने, गाउँपालिकालाई उत्कृष्ठ गन्तव्यको रुपमा स्थापित गर्ने र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास गर्ने कुरालाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ ।

## विद्यमान परिवेशः

हाल देशमा उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भिर असर पारेको हुँदा हरेक क्षेत्रमा अर्थतन्त्रको प्रभाव परिरहेको अवस्था विद्यमान रहेको छ । साथै यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनुपर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर परेको छ ।

नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकासशिल मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन हजारौं युवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भिर बनाएको छ । आन्तरिक र वाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइसराइ आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्धा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनरुत्थानशिल क्रियाकलाप मार्फत अगाडी बढाउँदै तिब्र र दीगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हाँसिल गर्नुपरेको छ ।

यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउनुपर्ने अवस्था देखिन्छ ।

## विद्यमान अवसरहरु:

हाम्रा लागि देहाय बमोजिमका अवसरहरु रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति तथा कार्यक्रम र बजेट संचालन गर्ने अधिकार प्रष्ट हुनु ।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडा केन्द्रसम्म तथा अधिकांस गाउँबस्तीहरुमा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

## विद्यमान चुनौतीहरु:

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छनः

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
३. व्यावसायीक कृषकको संख्या वृद्धि गर्नु ।
४. वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
५. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
६. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
७. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
८. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यावहारिक एवं उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
९. प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अवलम्बन गरी अत्याधिक दोहन रोक्न प्रयत्न गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

अब म जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्दछु ।

१. नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
२. नेपालको संविधानको स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकारका सूचीहरु
३. स्थानीय सरकार संचालन ऐन, २०७४
४. संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
५. संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
६. जोरायल गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
७. स्थानीय तह स्व-मूल्याङ्कनका आधारहरु
८. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधिका आधारहरु
९. विगतका आर्थिक वर्षहरुमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
१०. विकासका समसामयिक मुद्धाहरुः दीगो विकास सम्बन्धी नीतिहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, वालमैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण, लैंगिक उत्तरदायी बजेट र समावेशी विकास, उर्जा संकट लगायतका विषयहरु
११. गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु

## चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु

म चालु आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म प्राप्त उपलब्धीहरु संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. यस जोरायल गाउँपालिका वडा नं. २ को रिठा सामुदायिक स्वास्थ्य इकाई र वडा नं. ४ को नकु सामुदायिक स्वास्थ्य इकाई स्थापना भई सेवा संचालनमा आएको छ ।
२. सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई निजको सेवाको कदर गर्दै प्रोत्साहन स्वरुप मासिक भत्ता उपलब्ध गराइएको छ ।
३. जोरायल गाउँपालिका वडा नं. २ को छतिवन स्वास्थ्य चौकीमा टेलिमेडिसिन सेवा संचालनमा आएको छ ।
४. हालसम्म करिब ९१ % घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवामा पहुँच पुगेको छ भने करिब ३१०० घरधुरीमा एक घर एक धारा निर्माण भई खानेपानी सेवा प्राप्त भएको छ ।
५. खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम अन्तर्गत वडा नं. १, २ र ६ का ३ वटा टोलमा एक घर एक धारा निर्माण भई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा तर्फ उन्मुख भएका छन ।
६. पालिका अन्तर्गतका ७ वटा विद्यालयमा वास कर्नर निर्माण भएका छन ।
७. पोषण सुधार कार्यक्रम अनुसार १९४ घरधुरीमा धारासहित च्याङ जुठ्यान निर्माण भएका छन ।

८. कृषि उपज वस्तुहरुको बजारिकरण गर्न वडा नं. १ मा दुई वटा संकलन केन्द्रहरु निर्माण भएका छन ।

९. पशुपालन व्यवसायमा जोखिम न्यूनिकरण गर्न पशुपन्छि बिमा संचालन गरिएको छ ।

१०. पानी उद्योग स्थापना गर्न वडा नं. २ मा भौतिक पूर्वाधार निर्माण कार्यको शुरुवात गरिएको छ ।

११. गाउँपालिका अन्तर्गत वडा नं. २ को बाजिलेक देखी वडा नं. ३ को रावतकट्टे सम्म ५५ घरधुरीमा फाइबर नेट सेवा जडान भएको छ ।

१२. गाउँपालिका तथा सबै वडा कार्यालयमा अनलाइन प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्य भइरहेको छ ।

१३. नेपाल सरकारको समपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा छहरा झरनालाई पर्यटकीय स्थलको रुपमा विकास गर्न छहरा झरना सडक निर्माण तथा स्तरोन्नतीको कार्य निरन्तर रुपमा भइरहेको छ ।

१४. नेपाल सरकार समपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा हाट मणिपुर सडक निर्माण तथा स्तरोन्नतिको कार्य प्रारम्भ भएको छ ।

१५. गाउँपालिकाको पहलमा प्रदेश सरकार विशेष अनुदान अन्तर्गत वडा नं. १ मा घोरडी लिफ्ट खानेपानी र वडा नं. ४ मा देउथला लिफ्ट खानेपानी निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ ।

१६. बालबालिकाहरुमा हुने स्वास्थ्य सम्बन्धी जोखिम तथा कुपोषण नियन्त्रणका लागि सुत्केरी आमाहरुलाई दुग्धबर्धक औषधी तथा जेष्ठ नागरिकहरुलाई शक्तिबर्धक औषधीहरु निशुल्क वितरण गरी आयुर्वेद सेवालाई निरन्तरता दिइएको छ ।

१७. दीर्घकालिन तथा नसर्ने रोगहरु जस्तैः उच्च रक्तचाप, मधुमेह जस्ता प्राणघातक रोगहरुमा आहारविहार सम्बन्धी परामर्श तथा नेपाल सरकारबाट निशुल्क रुपमा उपलब्ध हुने आयुर्वेद औषधीहरु वितरण गरी सेवालाई निरन्तरता दिइएको छ ।

१८. कार्यालयका गतिविधिहरु नियमित रुपमा गाउँपालिकाको वेभसाइट, फेसबुक पेज तथा सूचना पाटी मार्फत सार्वजनिक गरिएको छ ।

१९. गाउँपालिका क्षेत्रभित्रका मारुनी नाँच, पैसेरी नाँच, पञ्चेबाजा लगायतका लोक संस्कृति जगेर्ना गर्न गाउँपालिकाले आवश्यक रकम विनियोजन गरी संस्कृति संरक्षण कार्यको शुरुवात गरिएको छ ।

२०. यस गाउँपालिकामा स्थायी बसोबास भएका विपन्न, दलित, आदिवासी जनजाती र महिला वर्गहरुको लागि लोकसेवा आयोगद्धारा लिइने अप्राविधिक तर्फको नायब सुब्बा/सहायकस्तर पाँचौं तह र खरिदार/सहायकस्तर चौथो तह पदको प्रतियोगितात्मक परीक्षा सम्बन्धी निशुल्क अनलाइन लोकसेवा तयारी कक्षा संचालन भएको छ ।

२१. गाउँपालिका अन्तर्गतका ३८ जना अभिभावक विहिन वालवालिकाहरुको लागि रु.४,०००।० का दरले आर्थिक सहयोग वितरण गरिएको छ ।

२२. सुनौला हजार दिनका गर्भवती महिला लगायत एकल महिला, दलित र पछाडी परेका महिला समुहका सदस्यलाई अनुदान कार्यक्रम अन्तर्गत वडा नं. १ को सानीखैगाडको सृजनशिल कृषक समूह, वडा नं. २ को बाजिलेकको मालिका कृषक समूह र वडा नं. ६ को डाडागाउँ कफल्तडी टोलको भगवती कृषक समूहका ७५ जना सदस्यहरुलाई प्रति सदस्य २ वटा बाख्राका दरले १५० बाख्रा वितरण कार्य सम्पन्न भएको छ ।

२३. गाउँपालिका मार्फत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठन गरिएका उपभोक्ता समितिहरु तथा वडा समितिलाई योजना कार्यान्वयनमा सहजताका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन भएको छ ।

२४. भैरहेका उद्यमीहरुको स्तरोन्नति कार्यक्रम अन्तर्गत यस गाउँपालिका वडा नं. ४ बगस्तीका तरकारी खेती गरिरहेका ३३ उद्यमीहरुलाई बेमौसमी विउविजन र गार्डेन पाइप तथा भजनाका अचार व्यवसाय गरिरहेका १० जना उद्यमीहरुलाई मिलको मोटर, अचार प्याकिङ्ग मेसिन, इलेक्ट्रोनिक तराजु लगायतका सामग्रीहरु वितरण भएको छ ।

२५. गाउँपालिका अन्तर्गतका विभिन्न गाउँटोलहरुमा छाउपडी तथा वालविवाह अन्त्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको छ ।

२६. विद्यालयहरुमा दरबन्दी मिलान तथा पुनर्वितरण, विद्यालय स्वीकृत तथा समायोजन, वालविकास केन्द्रहरुको समायोजन तथा पुनर्वितरणका कार्यहरुलाई निरन्तरता दिइएको छ ।

२७. सम्पूर्ण वालविकास केन्द्र तथा विद्यालयहरुको शिक्षा समितिबाट गठित कार्यदलले स्तलगत अनुगमन निरीक्षण गरी वालविकास तथा विद्यालय समायोजन, दरबन्दी मिलान तथा पुनर्वितरण, विद्यालयको भौतिक संरचना (खानेपानी, शौचालय, घेरबार, खेलमैदान) लगायतका विषयमा सुझाव सहितको प्रतिवेदन तयार गरिएको छ ।

२८. गाउँपालिका अन्तर्गत संचालित कक्षा ९ सम्मका परीक्षाहरुलाई पालिका स्तरमा संचालन गरी सम्पूर्ण परीक्षाहरुलाई IEMIS मार्फत व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिएको छ ।

२९. आधारभूत तह उत्तीर्ण कक्षा ८ को परीक्षालाई मर्यादित, व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिएको छ ।

३०. सामुदायिक विद्यालयमा कक्षा ६ देखी १२ सम्म अध्ययनरत सबै छात्राहरुलाई स्यानिटरी प्याड खरिद तथा वितरण कार्य भएको छ ।

३१. कक्षा ५ सम्मका विद्यार्थीहरुको लागि मापदण्ड अनुरुपको दिवा खाजालाई विद्यालयहरुले नियमित रुपमा खुवाउने कार्य भइरहेको छ ।

३२. पालिका अन्तर्गत संचालित सम्पूर्ण आधारभूत विद्यालयहरुमा **4G** ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार गरिएको छ ।

३३. ईन्टरनेटको समस्याका कारण सेवा प्रवाहमा कठिनाई भएका वडाहरुमा ईन्टरनेट सेवा विस्तारको कार्य भइरहेको छ ।

३४. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको रुपमा लगत संकलन गर्न छुटेका व्यक्तिहरुको लगत संकलन भई अद्यावधिक गर्ने कार्य भइरहेको छ ।

३५. नेपाल जलवायू नमूना कार्यक्रम अन्तर्गत तय गरिएका कार्यक्रमहरु मध्ये केहि कार्यक्रमहरु सम्पन्न भएका छन भने केहि कार्यक्रमहरु सम्पन्न हुने चरणमा रहेका छन ।

३६. विद्युतको पहुँच नपुगेको अधिकांस वस्तीमा विद्युतीकरणको कार्यलाई निरन्तरता दिइएको छ ।

३७. यस जोरायल गाउँपालिका र GIZ/GRAPE परियोजनाको साझेदारीमा संचालित जलवायुमैत्री कृषि प्रणालीमा आधारित परियोजना अन्तर्गत GIZ/GRAPE को आर्थिक सहयोगमा जलवायु उत्थानशिल कृषि विधिहरु सम्बन्धी अध्ययन र व्यावहारिक शिक्षाको लागि अवलोकन भ्रमणको कार्य सम्पन्न भएको छ ।

३८. यस जोरायल गाउँपालिका र GIZ/GRAPE परियोजनाको साझेदारीमा संचालित जलवायू उत्थानशिल कार्यक्रम अन्तर्गत कृषकहरुका लागि जलवायू उत्थानशिल कृषि प्रविधी र प्लाष्टिक घर निर्माण तथा प्राङ्गारिक खेति प्रवर्द्धन सम्वन्धी ३ दिने तालिम, पोलिहाउस निर्माण कार्य सम्पन्न भएका छन भने लिफ्ट सिंचाई निर्माणको कार्य भइरहेको छ ।

३९. चालु आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक बाट पूर्ण रुपमा सामाजिक सुरक्षा भत्ता विद्युतिय माध्यम EFT मार्फत लाभग्राहीको खातामा नै जम्मा भएको छ ।

४०. चालु आर्थिक वर्ष २०८०/८१ मा सबै वडा कार्यालय बाटै व्यक्तिगत घटना दर्ता कार्य भईरहेको छ ।

४१. फोहोरमैला व्यवस्थापनका लागि वडा नं. २ को बुडरमा डम्पिङ साइट निर्माण भएको छ ।

४२. करार खेती कार्यक्रम अन्तर्गत जग्गा लिजमा लिई प्रक्रिया अगाडी बढेको छ ।

४३. वडा नं. ६ को खसरे बजारमा सौर्य सडक बत्ती जडान कार्य सम्पन्न भएको छ ।

४४. रासायनिक मललाई निरुत्साहित गर्दै जैविक मल प्रयोग गर्न किसानहरुलाई प्रोत्साहन गरिएको छ।

४५. वडा नं. १ र २ मा किसान सूचीकरणको कार्य सम्पन्न गरिएको छ ।

# आगामी आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रमहरु

**सभाका सदस्य ज्यूहरु,**

अब म जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## आर्थिक विकास

### ❖ कृषि विकासः

१. जोरायल गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न प्रमुख कृषि जन्य खाद्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी जोरायल गाउँपालिकाको खाद्य सुरक्षा प्रत्याभुत गर्दै समग्र गाउँपालिकाको खाद्य सुरक्षामा टेवा पुर्याइनेछ ।

२. समूह सहकारी तथा निजी क्षेत्रलाइ कृषि उत्पादन तर्फ प्रोत्साहित गर्दै, विभिन्न बालिनालीको चक्लाबन्दि, कृषि व्यवसायीकरण र आधुनिकीकरण मार्फत प्रमुख कृषि वस्तुहरुको क्षेत्रफल र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. कृषि प्रसार सेवा विस्तार गरी सूचना प्रविधिका औजारहरुको परीक्षण तथा उपयोग गर्दै कृषकहरुको प्रविधि माथिको पहुँच अभिबृद्धि गरिनेछ । अन्तर्राष्ट्रिय बाली अनुसन्धान केन्द्रहरु, कृषि विश्वविद्यालय तथा अध्ययन संस्थानहरु सँगको समन्वयमा कृषि प्रविधि विस्तार, अध्ययन र उत्पादन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु तथा कृषि विषय पढेका प्राविधिकहरुलाई कृषि उत्पादन क्रियाकलापहरुमा सहभागी हुन प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।

५. जलवायु परिवर्तन मैत्री कृषि प्रविधि प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा एकिकृत खेती व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।

६. कृषिमा रहेको जोखिम न्यूनिकरण गर्दै विपन्न समुदाय र वर्ग लक्षित (दलित, मुक्त हलिया, एकल महिला, द्वन्द्वपीडित, बादी समुदाय, आदी ) आयआर्जनका कार्यक्रमहरु मार्फत गरिबी न्यूनिकरणमा जोड दिइनेछ ।

७. व्यावसायीक रुपमा उत्पादन वृद्धि गर्न सकिने कृषि योग्य बाँझो जमिनको पहिचान गरी करार खेतीका कार्यक्रम मार्फत उत्पादन वृद्धि गर्ने खालका क्रियाकलापहरुलाई प्राथमिकता दिइनेछ ।

८. कृषि तथा बहुउद्धेश्यीय सहकारी संस्थाहरुलाई विकासको प्रमुख साझेदारका रुपमा स्थापित गर्न सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । सहकारी संस्थाहरु मार्फत सिप विकासका तालिम संचालन गरी समुदायको आयआर्जनमा टेवा प्रदान गरिनेछ ।

९. जोरायल गाउँपालिकामा रहेका एकै कार्यक्षेत्र र समान प्रकृतिका कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुको एकिकरण तथा व्यवसाय विस्तारका कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ ।

१०. बालिनालीमा लाग्ने रोगकिरा विरुद्धको उपचारका लागि विषादी वितरण तथा प्राविधिक परामर्श सेवालाई थप प्रभावकारी बनाइनेछ ।

११. खाद्यान्न वाली, फलफूल वाली, नगदेवाली तथा तरकारी वाली, मौरीपालन व्यवसायको अवस्थालाई मध्यनजर गर्दै वालीनालीमा लाग्ने विभिन्न प्रकारका रोग तथा किराहरु जस्तै डढुवा, पात बेरुवा, पतेरो भट्टेकिरा जस्ता आदि रोगकिरा विरुद्धको व्यवस्थापन तथा उपचार सेवा संचालन गरिनेछ ।

१२. बजार व्यवस्थापनका लागि संकलन केन्द्रहरुको स्थापना तथा सुधारमा अनुदान वितरण गरिनेछ ।

१३. ग्रामिण स्तरमा रहेका विपन्न वर्ग, जनजाती, एकल महिलाको आयस्तरमा वृद्धिका लागि विभिन्न वालीनाली सम्वन्धी अनुदान वितरणको व्यवस्था गरिनेछ ।

१४. कृषि विकास शाखाको पहुंचबाट टाढा रहेका कृषकलाई ग्रामिण स्तरमा गई वाली उपचार शिविर सञ्चालन गरी सेवा प्रदान गरिनेछ ।

१५. किसानका बालिनालीमा समस्या भएमा कृषि विकास शाखासम्म कुनै प्रमाणहरु ल्याउन नसकेमा प्राविधिक स्वयम् किसानको घरमा गई प्राविधिक सेवा प्रदान गरिनेछ ।

१६. भकारो सुधार, साना सिचाई पोखरी निर्माणका लागि सार्वजनिक सूचना मार्फत आह्वान गरी फर्म, समूह, सहकारीलाई अनुदान उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

१७. कृषि जन्य उत्पादनको उचित बजारीकरणको सुनिश्चितता गर्नका लागि प्रदेशका विभिन्न स्थानहरुमा रहेका थोक तथा खुद्रा व्यापारीहरुसँग सम्पर्क समन्वय र सहकार्य गरी कृषि एम्वुलेन्स मार्फत कृषि उपज बजारिकरणको विकास गरिनेछ ।

१८. कृषकहरुलाई कृषि सम्बन्धी जानकारी गराउन कृषि बालीपात्रो प्रकाशन गरिनेछ ।

१९. किसान सूचीकरणको कार्यलाई निरन्तरता दिइनेछ ।

२०. मौसमी तथा वेमौसमी तरकारीहरुका विउविजन वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. १० वर्षे कृषि नीति तयार तथा लगानी सम्मेलनको आयोजना गरिनेछ ।

### ❖ पशु सेवाः

२२. जोरायल गाउँपालिका क्षेत्रमा अधिक सम्भावना रहेको व्यावसायिक बाख्रापालन लाई प्रवर्द्धन गरी बाहिर जिल्लामा खसि, बोका र बाख्रा निर्यात गर्ने लक्ष्य राखी बाख्रापालन उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२३. बोयर क्रस बाख्रापालनमा सुदूरपश्चिम प्रदेशको श्रोत केन्द्रको रुपमा रहेको वडा नं. १ र २ मा रहेका बोयर बाख्रा श्रोत केन्द्रलाई व्यवस्थित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ र गैरसरकारी संघसंस्थाहरुको सहयोगमा थप श्रोत केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

२४. हाल बजारमा भइरहेको मासु र अण्डाको माग र आयातलाई ध्यानमा राखी गाउँपालिकामा संचालित विभिन्न कुखुरापालन फार्मलाई व्यवस्थित गर्न उत्पादनमा आधारित कुखुरापालन फार्म सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२५. उत्पादित पशुजन्य पदार्थको बजारिकरणका लागि मासु पसल र डेरी पसल सुधारका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२६. निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्गलाई सजिलै आम्दानी गरी जिविकोपार्जन गर्ने उपायको रुपमा बाख्रा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

२७. वजारमा हाल बढिरहेको दुध तथा दुग्धजन्य पदार्थको वढ्दो मागलाई ध्यानमा राखी दुध उत्पादन वढाई दुधमा आत्मनिर्भर हुन भैंसीपालन फार्महरुलाई उत्पादनमा आधारित भैंसीपालन फार्म र समूह मार्फत अनुदान कार्यक्रम संचालन गरिनेछ ।

२८. किसान लाई जुनोटिक रोग सम्बन्धि जनचेतना जगाउन प्रत्येक वडामा जुनोटिक रोग सम्वन्धी जनचेतनामूलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२९. कृषकलाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न गाउँपालिकाबाट टाढा रहेका वडामा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण शिविर संचालन गरिनेछ ।

३०. वैदेशिक रोजगारबाट फर्केका बेरोजगार युवाहरुलाई पशुपालनमा आकर्षित गरी स्वरोजगार सृजना गर्न युवा स्वरोजगारका लागि पशुपालन सम्बन्धि अनुदानका कार्यक्रम संचालन गरिनेछ ।

३१. पशु आहारामा उत्पादन योग्य पोषिला घाँसका विउ वितरण, नर्सरी स्थापना, घाँसवाली श्रोतकेन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३२. कृषकहरुलाई गाउँघरमा नै पशु उपचार सेवा र कृत्रिम गर्भाधान सेवा तथा खोप सेवा संचालन गर्न सजिलोका लागि प्रत्येक वडाका पायक पर्ने स्थानमा फलामे ट्रेविज निर्माण गरिनेछ ।

३३. बाख्रामा लाग्ने परजिवि नियन्त्रणका लागि बाख्रापालन बढी भएका क्षेत्रमा डिपिङ ट्याङ्की वितरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३४. कृत्रिम गर्भाधानका माध्यमबाट स्थानीय पशुहरुको नश्ल सुधार गरी दुग्ध उत्पादन बढाउन संचालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. पशु सेवा शाखामा कार्यरत प्राविधिक जनशक्ति र किसानको क्षमता अभिबृद्धि गर्न प्रदेश स्तरमा संचालन हुने विभिन्न पशुपालन सम्बन्धि तालिममा सहभागी गराइनेछ ।

३६. पशुपालन ब्यवसायमा जोखिम न्यूनिकरण गर्नका लागि पशुपंक्षी बिमालाई प्राथमिकरण गरिनेछ।

## ❖ संस्कृति तथा पर्यटन:

३७. छहरा झरना लगायतका पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा संरक्षण र संवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३८. ऐतिहासिक पाण्डवकालिन स्थल र संरचनाहरुको खोज अनुसन्धान गरी संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

३९. गाउँपालिका क्षेत्र भित्रका मारुनी नाँच, पैसेरी नाँच, पञ्चेबाजा, गमरा लगायतका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिरहरुको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

## ❖ सहकारी:

४०. सहकारी संस्थाहरुको सुदृढीकरण विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ ।

४१. सहकारी संघ संस्थाहरुसंग सहकार्य गरी सञ्चालनमा रहेका सहकारी संस्थालाई वेभ प्रोटल (कोपोमिस) मा आवद्ध गर्ने कार्य अघि बढाइनेछ ।

# सामाजिक विकास

## ❖ स्वास्थ्य:

४२. आधारभूत स्वास्थ्य सेवा नि:शुल्क पाउँने नागरिकको मौलिक हक सुनिश्चित गरिनेछ । सरकारद्वारा नि:शुल्क वितरण हुँदै आएका ९८ प्रकारका औषधी तथा सर्जिकल सामग्रीहरु सबै स्वास्थ्य संस्थामा निरन्तर उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

४३. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजि र सामुदायिक संस्थाहरुसँग सहकार्य गरि आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

४४. एम्बुलेन्स, सवारी यातायात अन्य साधन जस्ता सेवालाई चौबिसै घण्टा संचालन हुने गरी व्यवस्था मिलाईनेछ । साथै गर्भवती तथा सुत्केरी अवस्थाका महिलाहरुलाई उच्च स्तरीय सेवा प्रदान गर्ने स्थानमा आकस्मिक सेवा गर्नुपर्ने अवस्थामा एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराइनेछ ।

४५. डिप्रेशन हुन सक्ने विद्यार्थी, एकल, गर्भवती महिला, ज्येष्ठ नागरिक अपांग भएका व्यक्तिहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४६. विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

४७. घुम्ती स्वास्थ्य सेवा, नि:शुल्क गर्भवती जाँच सेवा, प्रसुति सेवा, खोप सेवा मार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४८. जनस्वास्थ्यतर्फ नि:शुल्क औषधी, स्वास्थ्य उपकरण तथा औजार खरिद, आयोडिन नुन प्रवर्द्धन कार्यक्रम, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा, सुरक्षित गर्भपतन सेवा विस्तार, महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई प्रोत्साहन लगायतका कार्यक्रमहरु संचालन गरिनेछन ।

४९. जोरायल बासीको स्वास्थ्य अवस्थालाई मध्यजनर गरी योग अभ्यास शिविर, नि:शुल्क स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरु संचालन गरिनेछन् जसबाट जनताहरुलाई उपचार, परामर्श सेवा उपलब्ध गराइनेछ ।

५०. गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

५१. स्वास्थ्य स्वयमसेविकाहरुलाई निजहरुको सेवाको कदर गर्दै प्रोत्साहन स्वरुप वार्षिक भत्ता उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

५२. किशोरकिशोरी सेवा सुदृढीकरण गरी किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोपणा गरिनेछ ।

५३. पोषण सेवा कार्यक्रम सुदृढीकरण गरी पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५४. स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजी र सामुदायिक संस्थाहरुसंग सहकार्य गरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।

५५. गाउँपालिका मातहतका ६ वटै वडाहरुमा नागरिक आरोग्य कार्यक्रम र विद्यालयहरुमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

५६. वालवालिकाहरुमा हुने कुपोषण जन्य रोग तथा जोखिम न्यूनिकरण गर्न स्तनपान गराइरहेका आमाहरुलाई दुग्धवर्धक औषधीहरु निशुल्क वितरण गरिनेछ । साथै जेष्ठ नागरिकरुलाई शक्तिवर्धक औषधीहरु निशुल्क रुपमा प्रदान गरिनेछ ।

५७. दीर्घकालिन तथा नसर्ने रोगहरु जस्तैः उच्च रक्तचाप, मधुमेह जस्ता प्राणधातक रोगहरुमा सेवनयोग्य आहार विहारका साथै ऋतुचर्या सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## ❖ शिक्षाः

५८. जोरायल गाउँपालिकाको शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरी अवधि पुगेका स्थायी शिक्षकहरुको चक्रिय र पुर्वानुमानयोग्य सरुवालाई व्यवस्थित गरिनेछ ।

५९. आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनको क्रममा देखिएका अनुभवका आधारमा परिमार्जन गर्दै लगिनेछ ।

६०. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि माध्यमिक विद्यालयहरुमा ICT सहितको विद्यालय पुस्तकालय तथा व्यवस्थित विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६१. आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा-८) संचालन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

६२. सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमन निरीक्षण तथा शिक्षकको पेशागत सहयोगका कार्यक्रमहरु संचालन गरिनेछन ।

६३. सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुलाई स्यानीटरी प्याडको खरिद तथा वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।

६४. यस गाउँपालिका अन्तर्गत आवासीय कक्षा संचालन भएका सामुदायिक विद्यालयहरुलाई अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी थप व्यवस्थित गर्न आवश्यक अनुदान सहयोग गरिनेछ ।

६५. आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा दरबन्दी मिलान तथा पुनर्वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

६६. समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन मिलान गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित वालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरी र नक्साङ्कनका आधारमा थपघट गरिनेछ ।

६७. एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकहरुको पेशागत विकासमा जोड दिइनेछ ।

६८. ICT को पहुँच नभएका विद्यालयहरुलाई क्रमशः प्रति विद्यालय कम्तिमा पनि १ ल्यापटप र १ प्रिन्टर उपलब्ध गराइने छ ।

६९. वालविकास केन्द्रका कक्षा कोठाहरुमा भित्ते लेखन गरी आकर्षक र ज्ञानमुलक बनाइने छ ।

## ❖ युवा तथा खेलकुदः

७०. विकास निर्माण तथा सामाजिक निर्माण कार्यका लागि युवा स्वयमसेवक समूह गठन गरी परिचालन गरिनेछ ।

७१. राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, अध्यक्षकप भलिबल प्रतियोगिता लगायतका खेलकुद सम्बन्धी विविध कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७२. नृत्य तथा गायन क्षेत्रमा युवाहरुको प्रतिभा पहिचान तथा क्षमता विकासका लागि **Jorayal Idol** संचालन गरिनेछ ।

## ❖ बहुक्षेत्रीय पोषणः

७३. पोषण विशेष र पोषण सम्बेदनशिल कार्यक्रम संचालन गरी १००० दिनका आमा, किशोरी तथा वालवालिकाको पोषणको अवस्थामा सुधार गर्दै पूर्ण पोषण मैत्री पालिका बनाउन अभियान संचालन गरिनेछ ।

७४. बहुक्षेत्रिय पोषण कार्यक्रमको एकीकृत वार्षिक योजना तयार गरी दीगो विकासको लक्ष्य अनुरुप ५ वर्ष मूनिका बालवालिकामा हुने पुड्कोपनलाई सन् २०३० को अन्त्यमा १५ प्रतिशतमा झार्ने, ख्याउटेपनलाई घटाएर ४ प्रतिशतमा पुर्याउने, रक्तअल्पतालाई १० प्रतिशतमा झार्ने लक्ष्य प्राप्तिका लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप सुदृढीकरण गरिनेछ ।

७५. पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन मार्फत पोषण विशेष, पोषण संवेदनशिल र सार्थक बनाउने गरी कार्यक्रमहरुको विस्तार तथा पोषण सेवाको उपलब्धता र गुणस्तरमा सुधार गरिनेछ ।

७६. महिला, किशोरी तथा वालवालिकाहरुको पोषणको अवस्था सुधार ल्याउन र पोषण सेवाको सुनिश्चितता र दीगोपना कायम गर्न पोषणमैत्री स्थानीय तह घोषणा गर्ने कार्यको थालनी गरिनेछ ।

## ❖ खानेपानी तथा सरसफाईः

७७. खानेपानी, स्वच्छता तथा सरसफाई (वास) योजना अनुसार प्राथमिकताका आधारमा सम्पूर्ण वडा र वस्ती समेट्ने गरी एक घर एक धारा को नीतिलाई कार्यान्वयन गर्दै सुरक्षित खानेपानी युक्त समुदाय विकास तथा घोषणा गर्दै लगिनेछ ।

७८. विद्यालयहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चित गरी तिनतारे विद्यालयहरुको विकास तथा घोषणा गरिनेछ ।

७९. खानेपानी योजना लागू भएको प्रत्येक घरधुरीहरुमा च्याङ जुठ्यान तथा घरबारी व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८०. फोहोरमैला व्यवस्थापन गर्न मुख्य मुख्य स्थानहरुमा डम्पिङ साइट निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

८१. वडा सदरमुकाम तथा सार्वजनिक स्थलको बजार सरसफाई गर्ने निती लिईनेछ ।

## ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः

८२. महिला विरुद्धका कुरिती, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ ।

८३. विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् ।

८४. महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ ।

८५. टुहुरा, अति विपन्न बालवालिकाहरुलाई अध्ययनको लागि राहत स्वरुप प्रोत्साहन गरिनेछ ।

८६. बालक्लबको क्षमता विकास तथा अतिरिक्त क्रियाकलापमा सहभागी गराइनेछ ।

८७. बालविवाह अन्त्यका लागि बाल संजाललाई परिचालन गरिनेछ ।

८८. निजामती तथा सरकारी सेवामा प्रवेश गर्ने चाहना भएका तर आर्थिक अभावले पढ्न नपाएका गरिब, दलित, आदिवासी, जनजाती र महिला वर्गलाई माथि उठाउन निशुल्क लोकसेवा तयारी कक्षा संचालन कार्यलाई निरन्तरता दिइनेछ ।

८९. लैंगिक उत्तरदायी बजेट तथा क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ ।

## ❖ रोजगार सेवाः

९०. गाउँपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

९१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनाहरुलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सीप, क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ ।

९२. बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि स्थानीय आर्थिक विकास अन्तर्गत नवप्रवर्तनशील तथा प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ ।

### ❖ व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा

९३. सबै वडा कार्यालयहरुमा Biometric Device जडान गरी सामाजिक सुरक्षा भत्ता नविकरण तथा सबै किसिमका पेन्सन नविकरण सम्बन्धी कार्य Biometric Verification मार्फत हुनेछ ।

९४. राष्ट्रिय परिचयपत्र स्थानीय तह बाटनै अनलाईन दर्ता गर्ने प्रक्रिया शुरु गरिनेछ ।

९५. वडा कार्यालयका पञ्जिकाधिकारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

## पूर्वाधार विकास

### ❖ सडक तथा पुलः

९६. यातायात गुरुयोजना अनुसार सडकहरुको प्राथमिकरण गर्ने र सोही आधारमा सडकहरुको स्तरोन्नति गर्दै लगिनेछ । साथै वडा देखी टोलवस्तीमा सडक संजाल विस्तार गरिनेछ ।

९७. विगत तथा चालु आर्थिक वर्षदेखी निर्माण शुरु भएका झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गतका झोलुङ्गे पुलहरुको निर्माण कार्य सम्पन्न गरी थप नयाँ योजनाहरु शुरु गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९८. सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा लगिनेछ ।

### ❖ सिंचाईः

९९. सिंचाईको अभावमा बाँझो रहेका खेतियोग्य जमिनमा सिंचाईको पहुँच पुर्याई कृषि उत्पादन बढाउने कार्यलाई निरन्तरता दिइनेछ ।

१००. निर्माणाधिन वा अधुरा सिंचाई नहरलाई निरन्तर रुपमा अगाडी बढाउने नीति लिइनेछ ।

१०१. बाँझो रहेको खेतीयोग्य जमिनलाई सिंचाई गर्न लिफ्ट सिंचाईका योजनाहरु संचालन गरिनेछन ।

### ❖ उर्जाः

१०२. उज्यालो गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिदै विद्युतको पहुँच नपुगेको वस्तीमा विद्युतीकरणको कार्य विस्तार गरिनेछ ।

१०३. मुख्य मुख्य स्थान तथा बजार क्षेत्रमा सौर्य सडक बत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ ।

### ❖ संचार

१०४. गाउँपालिका भित्र मोवाइल नेटवर्किङमा समस्या भएको स्थानहरुमा नेपाल टेलिकमसंग सहकार्य गरी सेवा विस्तार गरिनेछ ।

१०५. गाउँपालिका अन्तर्गतका सम्पूर्ण बस्तिहरुमा 4G Mobile नेटवर्क सुविधाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१०६. गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइनेछ ।

# वन, वातावरण तथा विपद व्यवस्थापन

## ❖ वन तथा वातावरणः

१०७. ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

१०८. पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समिति तथा दातृ निकायहरुसंग सहकार्य गरी उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०९. मुख्य मुख्य सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर सफा राख्ने कार्य गरिनेछ ।

११०. सामुदायिक वन उपभोक्ता समिति र दातृ निकायहरुसंगको सहकार्यमा वन डढेलो, वातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१११. रानीवनको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक नीति लिइनेछ ।

११२. सामुदायिक वन उपभोक्ता समितिको लेखा परीक्षण कार्यमा आवश्यक सहजिकरण गरिनेछ ।

## ❖ जलाधार संरक्षणः

११३. गाउँपालिका भित्रका पानीका मूलहरु, जलाधार क्षेत्रहरुको पहिचान गरी संरक्षण गरिनेछ ।

११४. जलाधार क्षेत्रको संरक्षणका लागि गाउँपालिकाका विभिन्न स्थानहरुमा रिचार्ज पोखरी निर्माण गरिनेछ ।

## ❖ जलवायु परिवर्तनः

११५. स्थानीय स्तरमा रहेका पानीका मूहानहरु संरक्षण गरी जलवायु परिवर्तनबाट हुने प्रभावलाई न्यूनिकरण गर्न सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

११६. वातावरणमैत्री पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

## ❖ प्रकोप नियन्त्रण तथा विपद व्यवस्थापनः

११७. गाउँपालिका भित्र रहेका विपदका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी विपद न्यूनिकरण तथा व्यवस्थापनको लागि विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको आधारमा आवश्यक पूर्वतयारी गरिनेछ ।

११८. गाउँपालिका तथा वडा स्तरीय विपद व्यवस्थापन समितिको सक्रिय परिचालनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

# सुशासन तथा संस्थागत विकास

## ❖ मानव संशाधन विकास तथा संस्थागत क्षमता विकासः

११९. आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ ।

१२०. आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिनेछन ।

१२१. गाउँपालिकाको बेरुजुहरुको अभिलेखिकरण तथा सम्परिक्षण गरि आगामी आर्थिक वर्षमा लेखा परिक्षण मार्फत न्यून बेरुजु कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

१२२. भुक्तानी प्रक्रियालाई सरल र व्यवस्थित बनाउन लागू भएको विद्युतीय भुक्तानी प्रणाली (EFT) लाई थप प्रभावकारी बनाइनेछ ।

१२३. संघीय सरकार र प्रदेश सरकारबाट छनौट संचालन र व्यवस्थापन भएका योजनाहरुमा दोहोरपना आउन नदिने गरी योजना छनौट गरिनेछ ।

१२४. आर्थिक वर्षको अन्तमा आएर नयाँ योजना स्वीकृत गरी संचालन गर्ने पद्धतिको अन्त्य गरिनेछ, साथै वडा तथा पालिकास्तरीय योजना छनौट तथा संचालन गर्दा उपभोक्ताको बढी लागत साझेदारी हुने योजनालाई पहिलो प्राथमिकता दिइनेछ ।

१२५. रोजगारी सिर्जना हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ । ठूला तथा मेशिनरी औजार प्रयोग हुने र १० लाख भन्दा माथिका सडक आयोजना बोलपत्रमार्फत कार्यान्वयनमा ल्याइनेछ ।

१२६. गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ। यस आर्थिक वर्षदेखि योजना सार्ने प्रवृत्तिमा नियन्त्रण गरिनेछ ।

१२७. भवन निर्माण गर्नुपूर्व अनिवार्यरुपमा गाउँपालिकाबाट घर नक्सापास गर्ने नीतिलाइ कार्यान्वयनमा ल्याइनेछ ।

१२८. लाभग्राहीहरुलाई विभिन्न सेवाहरु प्रदान गर्न घुम्ती सेवाहरु संचालन गरिनेछन ।

१२९. गाउँपालिका मार्फत संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गठन गरिएका उपभोक्ता समितिहरु तथा वडा समितिलाई योजना कार्यान्वयनमा सहजताका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३०. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार आफू कार्यरत स्थानबाट पालिका भित्रकै अन्य स्थानमा कामकाज गर्ने गरी पदस्थापन गर्न सकिनेछ ।

१३१. जिन्सी व्यवस्थापनलाई थप डिजिटल/प्रविधिमैत्री बनाईनेछ । जिन्सी मालसमान भण्डारणको उचित व्यवस्थापनको व्यवस्था मिलाईनेछ ।

## ❖ सूचना प्रविधिः

१३२. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रविधिको माध्यमबाट थप प्रभावकारी बनाउने नीति अपनाईनेछ साथै गाउँपालिकाका मातहतका कार्यालयहरुमा उच्च गतिको ईन्टरनेट बिस्तार गरिनेछ ।

१३३. गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको हाजिरी, बिदा तथा सो सँग सम्बन्धित प्रतिवेदनहरु थप प्रभावकारी र स्पष्ट बनाउन केन्द्रिकृत ई-हाजिरी प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

१३४. गाउँपालिकाले संचालन गरेका सूचना प्रविधि प्रणालीहरु Website, Mobile App, Smart Help Desk आदिलाई अनिवार्य रुपमा अवलम्बन गर्ने तथा समयानुकुल अद्यावधिक गरिनेछ ।

## ❖ राजश्वः

१३५. गाउँपालिका तथा सबै वडा कार्यालयमा लागू गरिएको अनलाइन राजश्व प्रणाली थप सुदृढ र प्रभावकारी बनाइनेछ ।

१३६. राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सूधार तथा क्षमता विकासमा लगानीलाई निरन्तरता दिइनेछ ।

१३७. गाउँपालिकाको आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

१३८. सामुदायिक वनहरुलाई करको दायरामा ल्याई राजश्व वृद्धि गरिनेछ ।

१३९. कर संकलनका लागि विभिन्न संचार माध्यमबाट चेतनामूलक प्रचारप्रसार र समुदाय स्तरीय कर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

## ❖ न्यायिक समितिः

१४०. गरिब, असहाय तथा पछाडी पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ ।

१४१. विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप शिविर सञ्चालन गरिनेछ ।

१४२. स्थानीय न्याय सम्पादन प्रकृयामा सूचना प्रविधिको प्रयोग गरि छिटो छरितो र थप व्यवस्थित गरि यस कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

१४३. न्यायीक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ गर्न आवश्यक ऐन निर्माण गरि लागु गरिनेछ ।

१४४. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी बढाइनेछ ।

१४५. संविधान तथा कानुन बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयन गर्न नयाँ कानुनी प्रबन्धहरुको तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।

१४६. न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

१४७. सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउँदै सबै वडा कार्यालयहरुमा स्थापना भै संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरि विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१४८. मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१४९. गाउँपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।

१५०. न्यायिक समितिमा कानूनी परामर्शको लागि कानूनी सल्लाहकार राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

### ❖ उद्यमशिलता विकास:

१५१. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत आयआर्जन अभिवृद्धि गर्न उद्यमी छनौट, सीप विकास तालिम, उद्यमीहरुको स्तरोन्नति र व्यवसायीक प्रवर्द्धन गर्ने कार्यक्रम व्यवहारिक रुपमा कार्यान्वयन हुने गरी संचालन गरिनेछ ।

१५२. अल्लो उद्योग, खानेपानी उद्योग र बासमती प्रशोधन उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन गरी गाउँपालिकामा नै रहेको जनशक्ति परिचालन, स्रोतसाधन तथा कच्चा पदार्थहरु संकलन गरी यस क्षेत्रमा रहेका गरिव, विपन्न तथा पछाडी परेका समुदायहरु तथा बेरोजगार व्यक्तिहरुलाई लघु उद्यमी बनाई रोजगारी सिर्जना मार्फत आयआर्जन वृद्धि गरिनेछ ।

### ❖ भूमिहिन सुकुम्बासी पहिचान तथा व्यवस्थापन:

१५३. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउन राष्ट्रिय भूमि आयोग तथा जिल्ला भूमि व्यवस्थापन समितिसंग सहकार्य गरिनेछ ।

## विकास साझेदार संघसंस्थाहरु मार्फत संचालन हुने कार्यक्रम

१५४. जोरायल गाउँपालिका र GIZ/GRAPE परियोजनाको साझेदारीमा जलवायुमैत्री कृषि प्रणालीमा आधारित परियोजना कार्यान्वयन गर्नका लागि वडा नं. ४ को शान्तिनगर/गाणेशाल र वडा नं. ६ को गाबरमा संचालन भइरहेका कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१५५. निड्स नेपाल मार्फत संचालन हुने कार्यक्रम अन्तर्गत सशक्त महिलाः समृद्ध नेपाल, वातावरण उत्थानशिल खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम संचालन गरिनेछ ।

१५६. सामुदायिक विकास मञ्च नेपाल मार्फत संचालन हुने कार्यक्रम अन्तर्गत महिला शसक्तिकरण तथा बाल अधिकार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१५७. ली-बर्ड मार्फत संचालन हुने कार्यक्रम अन्तर्गत समानुकुलित जिविकोपार्जनका लागि साना कृषकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१५८. वाक नेपाल मार्फत संचालन हुने कार्यक्रम अन्तर्गत एचआईभी टिभि परियोजना संचालन गरिनेछ।

१५९. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा कार्य गर्ने विभिन्न संघसंस्थाहरुसंग बहुसरोकारका विषयमा आवश्यक समन्वय तथा सहकार्य गरिने नीति लिइनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

**अन्तमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नमा मार्ग निर्देशन गर्नुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवि, विभिन्न संघसंस्थाहरु, सामाजिक संगठनहरु, नागरिक समाज, सामुदायिक संस्थाहरु, देश तथा विदेशमा रहनुभएका जोरायल गाउँपालिकाका दिदीबहिनी तथा दाजुभाईहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउनुहुने आम नागरिक, विकास साझेदार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !**

**दुर्गा दत्त ओझा**
**अध्यक्ष**
**जोरायल गाउँपालिका डोटी**

गाउँसभा अधिवेशनमा पेश तथा स्वीकृत भएको मिति २०८१/०३/०१